# GHORAHI CEMENT INDUSTRY LIMITED

च.नं. २२

मिति: २०८०।१०।२६

श्री नेपाल धितोपत्र बोर्ड,
खुमल्टार, ललितपुर ।

**विषय: वार्षिक साधारण सभाको निर्णय तथा अन्य विवरणहरु पठाइएको बारे ।**

श्रीमान्,

उपरोक्त सम्बन्धमा यस कम्पनीको पब्लिक लिमिटेड कम्पनीमा परिणत भइसकेपछिको तेस्रो वार्षिक साधारण सभा (आ.व. २०७९।०८०) मिति २०८०।०९।२८ गते सम्पन्न भएको व्यहोरा जानकारी गराइन्छ । उक्त साधारण सभाको निर्णय लगायतका कागजातहरु यसै साथ सम्लग्न गरिएको छ ।

**सम्लग्न कागजातहरु(प्रतिलिपी):**

१. साधारण सभाको निर्णय (माइन्युट),
२. लेखापरीक्षण प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण,
३. संचालक समितिको वार्षिक प्रतिवेदन ।

**बोधार्थ**

१) श्री नेपाल स्टक एक्सचेन्ज, सिंहदरबार प्लाजा, काठमाडौं ।
२) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।

भवदीय,

देवराज बानियाँ
कम्पनी सचिव

# घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको

विक्रम सम्वत् २०८० पौष २८ गते शनिबार (१३ जनवरी २०२४) का दिन घोराही उपमहानगरपालिका, वडा नं. ४ भरतपुर, स्थित होटल पौवा, दाङमा सम्पन्न भएको ।

**तेस्रो वार्षिक साधारण सभाको निर्णय पुस्तिका ।**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको तेस्रो वार्षिक साधारण सभा कम्पनीका सन्चालक समितीका अध्यक्ष श्री पुरुषोत्तम लाल संघईज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा वसि देहायका प्रस्तावहरु उपर छलफल गरि निर्णय गरियो ।

**१. वार्षिक साधारण सभा भएको मिति, समय र स्थान:**

मिति: २०८० साल पौष २८(तदनुसार १३ जनवरी २०२४) ।
समय: बिहान ९ बजे ।
स्थान: .दाङ जिल्ला घोराही उप.म.न.पा वडा नं १५ भरतपुर मा अवस्थित होटल पौवा ।

**२. सभाको सुचना :**

कम्पनी ऐन २०६३ को दफा ६७ र कम्पनीको नियमावली बमोजिम यस कम्पनीको तेस्रो वार्षिक साधारण सभाको सुचना मिति २०८०।०९।०५ गते बसेको संचालक समितिको ४७ औ बैठकले निर्णय गरे अनुसार मिति २०८०।०९।०६ गते शुक्रवारको "कारोबार" राष्ट्रिय दैनिक पत्रिका तथा मिति २०८०।०९।२१ गते शनिवारको "हिमालयन टाइम्स" नेपाली राष्ट्रिय दैनिक पत्रिकामा वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने प्रस्तावहरुका बारेमा जानकारीको लागि प्रकाशित गरिएको थियो । यसै गरी कम्पनीको आधिकारीक website www.ghorahicement.com मा समेत राखी शेयरधनी महानुभावहरुलाई तेस्रो वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने प्रस्तावहरुका बारेमा जानकारी गराइएको थियो ।

**३. सभामा उपस्थिति**

**३.१ :** कम्पनी ऐन २०६३ को दफा ६८ अनुरुप उपस्थित सन्चालकहरु

| क.श. | सन्चालकको नाम, थर | पद |
|---|---|---|
| १ | श्री पुरुषोत्तम लाल संघई | अध्यक्ष |
| २ | श्री त्रिलोक चन्द्र अग्रवाल | सन्चालक |
| ३ | श्री अन्जु संघई | सन्चालक |
| ४ | श्री विवेक अग्रवाल | सन्चालक (अनुपस्थित) |
| ५ | श्री आदित्य संघई | प्रवन्ध सन्चालक |

GHORAHI CEMENT INDUSTRY LIMITED

## ३.२ अन्य पदाधिकारीको उपस्थिति :

| क्र.श. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री देवराज बानियाँ | कम्पनी सचिव |
| २ | श्री देवेन्द सिन्हा | कार्यकारी निर्देशक |
| ३ | श्री शंकर एगिवाल | महाप्रबन्धक |
| ४ | श्री अमर सुवेदी | प्रवन्धक |

## ३.३ अन्य आमान्त्रित व्यक्तिको उपस्थिति:

| | | |
|---|---|---|
| १ | श्री विदुर प्रसाद ढुंगाना | निर्वाचन अधिकृत |
| २ | श्री विमल प्रसाद ढकाल | स्वतन्त्र संचालकका लागि प्रस्तावित |
| ३ | श्री राम प्रसाद भट्टराई | हिमालयन क्यापिटल शेयर रजिष्टार प्रतिनिधि |

## ३.४ शेयरधनीहरुको उपस्थिति :

| क्र.श. | विवरण | संख्या |
|---|---|---|
| १ | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या | १४ |
| २ | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या | १८६ |
| | **जम्मा** | **२००** |

## ४. साधारण सभाको गणपुरक संख्या तथा सभाको वैधानिकता :

| विवरण | कुल सख्या | स्वयं उपस्थित | प्रतिनिधि ( प्रोक्सी) मार्फत | जम्मा उपस्थित शेयरधनीहरुको संख्या | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीहरु | ४,३४,८८१ | १४ | १८६ | २०० | ७८.६१ प्रतिशत |
| शेयर संख्या | ३,९७,१९,००६ | ६४,१०,८३० | २४,८१२,६३६ | ३,१२,२३,४६६ | |

## ५. सभाको वैधानिकता र सभाको सभापतित्व :

कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयरको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना संस्थापक शेयरधनी उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको तेस्रो वार्षिक साधारण सभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिर जनाउने शेयरधनीको संख्या १४ जना र प्रतिनिधि (प्रोक्सी) मार्फत

१८६ जना गरी कुल शेयरधनी २०० जना भएको र कुल शेयर कित्ता ३,९७,१९,००६ थान मध्येको शेयर कित्ता ३,१२,२३,४६६ उपस्थित भई ७८.६१ प्रतिशत प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाको गणपुरक संख्या पुगेको र कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम पूर्वस्वीकृति लिई कम्पनीको वार्षिक साधारण सभा गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कानुन अनुसार सञ्चालन भएको सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

<u>५.१</u> कम्पनीको नियमावली व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष पुरुषोत्तम लाल संघई ज्यूको सभापतित्वमा गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउदै सञ्चालक समितिका अध्यक्ष पुरुषोत्तम लाल संघई ज्यूको सभापतित्वमा कम्पनीको तेस्रो वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नु भयो ।

**५.२ सभाको प्रारम्भ तथा स्वागत मन्तव्य :**

सभाको प्रारम्भ राष्ट्रीय गानबाट शुरु गरियो । सभाका सभापतिज्यूले दिप प्रज्वलन गर्नु भयो र कम्पनीका अध्यक्षले सभामा पाल्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सवैलाई कम्पनीको तर्फबाट स्वागत गर्दै स्वागत मन्तव्य राख्नु भयो ।

**५.३ छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचीहरु:**

कम्पनी सचिवले सभाका सभापतिको अनुमतीले सभामा छलफल हुने देहायका विषयको जानकारी गराउनु भयो ।

**साधारण सभाका सामान्य प्रस्तावहरु :**

(१) आ.व. २०७९/०८० को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
(२) आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक विवरण पारित गर्ने ।
(३) आ.व. २०७९/०८० को संचित मुनाफाबाट लाभांश वितरण गर्ने ।
(४) आ.व. २०८०/०८१ को लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमीक निर्धारण गर्ने ।
(५) कम्पनी नियमावलीको नियम २८ (५) बमोजिम रिक्त सञ्चालक पदको लागि मिति २०८०।०७।०२ गतेको सञ्चालक समितिको बैठकको निर्णयबाट नियुक्त हुनुभएका सञ्चालकहरुको नामलाई वार्षिक साधारण सभा बाट अनुमोदनको लागि पेश गर्ने ।
(६) स्वतन्त्र संचालक नियुक्ती गर्ने ।
(७) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन गर्ने ।
(८) कम्पनीका प्रवन्ध सञ्चालक, सञ्चालक समितिका अध्यक्ष तथा समिति, उपसमितिका संयोजक तथा सदस्यहरुको बैठक भत्ता तथा अन्य सेवा सुविधा तोक्ने ।
(९) कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनीहरु वा सञ्चालक सम्बद्ध रहेको संस्था संग कम्पनीले गरेको कारोवार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

**विशेष प्रस्तावहरु :**

(१) कम्पनीको हाल कायम रहेको चुक्ता पुंजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढीको विभिन्न बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम अनुमोदन गर्ने ।

GHORAHI CEMENT INDUSTRY LIMITED

(२) कम्पनीको रजिष्टर्ड ठेगाना परिवर्तन गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

(३) २०७९/०८० सम्मको संचित मुनाफाबाट १५ प्रतिशतको बोनस शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने । र उक्त बोनस शेयर जारी गर्दा हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने बारे ।

(४) प्रस्तावित बोनस शेयर जारी भए पश्चात कम्पनीको जारी तथा चुक्ता पुँजी वृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफाहरु संशोधन गर्ने बारे ।

(५) विविध ।

## ६. प्रस्तावहरुको प्रस्तुति

अध्यक्षज्युले आफ्नो मन्तव्य राखे पश्चात कम्पनीको आ.व. २०७९/०८० को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक विवरण तथा सभामा छलफल तथा निर्णयको लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु अध्यक्ष ज्युको आज्ञाले सभा समक्ष प्रस्तुत गरियो ।

## ७. छलफलका लागि आव्हान तथा सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको अध्यक्षज्युको जवाफ

प्रस्तावहरु उपर छलफलको लागि कुनै जिज्ञासा, सुझाव आदि भएमा सभा समक्ष राख्न अध्यक्षको अनुमतिले कम्पनी सचिवले शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो र तत्पश्चात सभाको निर्णय प्रकृया अगाडी बढाउनु भयो ।

## ८. सभाको निर्णय:

**सामान्य प्रस्ताव**

**प्रस्ताव नं. १ : आ.व. २०७९/०८० को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।**

**निर्णय नं. १ :** प्रस्ताव नं १ उपर छलफल गर्दा यस कम्पनीको संचालक समितिका तर्फबाट कम्पनीको आर्थिक बर्ष २०७९।०८० को वार्षिक प्रतिवेदन माथि सभामा छलफल गरी पारित गर्न अध्यक्षले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. २ :आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक विवरण पारित गर्ने ।**

**निर्णय नं. २** : प्रस्ताव नं २ उपर छलफल हुँदा यस कम्पनीका लेखापरीक्षक वि.के अग्रवाल एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्सबाट कम्पनीको आर्थिक बर्ष २०७९।०८० को लेखापरीक्षण कार्य सम्पन्न गरी जारी गरिएको लेखापरीक्षण प्रतिवेदन सहितको कम्पनीको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक विवरण सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव नं. ३: आ.व. २०७९/०८० को संचित मुनाफाबाट लाभांश वितरण गर्ने ।**

**निर्णय नं. ३** :प्रस्ताव नं ३ उपर छलफल गर्दा यस कम्पनीको मिति २०८०।०९।०५ गते दिउसो ४:३० वजे बसेको संचालक समितिको बैठकले कम्पनिको आ.व.०७९।०८० सम्मको संचित मुनाफाबाट

GHORAHI CEMENT INDUSTRY LIMITED

शेयरधनिहरुलाई हाल कायम रहेको चुक्ता पुँजि रु.३,९७,१९,००,६०० (रु.तिन अर्ब सन्तानव्वे करोड उन्नाईस लाख छ सय) को १५(पन्ध्र) प्रतिशतका दरले लाभांश बापत बोनस शेयर (कर वाहेक) प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

➢ **विशेष जानकारी**

बोनस शेयरमा लाग्ने कर सम्बन्धमा सर्वसाधारण शेयरधनीहरुबाट लिखित तथा मौखिक रुपमा जिज्ञासा राखिएकोमा उक्त जिज्ञासालाई निम्न बमोजिम प्रस्ट पारिएको छ ।

आयकर ऐन, २०५८ ११ (३) (उठ) बमोजिम विशेष उद्योग र पर्यटन क्षेत्रसँग सम्वन्धित उद्योगले आफ्नो सञ्चित मुनाफालाई सोही उद्योगको क्षमता विस्तारको लागि शेयरमा पुँजीकरण गरेको अवस्थामा त्यस्तो पुँजीकरणमा लाभांश वितरण स्वरुप लाग्ने लाभांश करमा शतप्रतिशत छुट हुने व्यवस्था रहेको ।

**प्रस्ताव नं. ४ : आ.व. २०८०/०८१ को लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमीक निर्धारण गर्ने ।**

**निर्णय नं. ४** : प्रस्ताव नं ४ उपर छलफल गर्दा यस कम्पनीको चालु आर्थिक बर्ष २०८०/०८१ को लेखापरिक्षण गर्नको लागि श्री देओकी विजय एण्ड को. चार्टर्ड एकाउन्टेन्ट्सलाई लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक बाह्य भत्ता र यातायात खर्च बाहेक रु.१०,००,०००।-( दस लाख मात्र) (भ्याट बाहेक) निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

**प्रस्ताव नं. ५: कम्पनी नियमावलीको नियम २७ (५) बमोजिम रिक्त सञ्चालक पदको लागि मिति २०८०।०७।०२ गतेको सञ्चालक समितिको बैठकको निर्णयबाट बाँकी कार्यकालका लागि नियुक्त हुनुभएका सञ्चालकहरुको नियुक्तिलाई वार्षिक साधारण सभा बाट अनुमोदनको लागि पेश गर्ने ।**

**निर्णय नं. ५ :** प्रस्ताव नं ५ उपर छलफल हुँदा यस कम्पनीको मिति २०७८।१०।२५ मा सञ्चालक समिति गठन भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट सञ्चालक दर्ता किताव प्रमाणित समेत गरिएकोमा मिति २०८०।०७।०२ गते सञ्चालकहरुको कार्य अवधी बाकी हुदाँ नै सञ्चालक श्री गोविन्द लाल संघई र श्री हर्षवर्धन संघई ज्युले व्यक्तिगत तथा पारिवारिक कारणले राजिनामा दिनुभएको र त्यस पश्चात मिति २०८०।०७।०२ गतेको सञ्चालक समितिको बैठकबाट रिक्त रहेको सञ्चालक पदमा श्री अन्जु संघई र श्री विवेक अग्रवाल ज्युलाई बाँकी कार्यकालको लागि सञ्चालकमा नियुक्त गरिएकाले उक्त निर्णयलाई वार्षिक साधारण सभाले अनुमोदन गरी सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ६ : स्वतन्त्र संचालकको नियुक्ती गर्ने ।**

**निर्णय नं. ६:** प्रस्ताव नं ६ उपर छलफल हुँदा यस कम्पनीको नियमावलीको नियम २७ को उपनियम २ बमोजिम एक जना स्वतन्त्र संचालकको नियुक्ती गर्नुपर्ने भएकोले कम्पनी ऐन, २०६३ बमोजिमको योग्यता पुगेका एक जना स्वतन्त्र संचालकको नियुक्तिको लागी श्री विमल प्रसाद ढकाल, श्री मन्जित तिवारी, श्री विकास शर्मा को आवेदन प्राप्त भएकोमा मिति २०८०।०९।०५ गतेको सञ्चालक समितिको बैठकबाट प्रस्तावित व्यक्तिहरु मध्येबाट **श्री विमल प्रसाद ढकाल**ज्युलाई यस कम्पनीको वार्षिक साधारण सभाबाट स्वतन्त्र संचालकमा कम्पनीको नियमावली नियम २७ को उपनियम ४ बमोजिम कार्यकाल रहने गरी नियुक्त गर्न सर्वसम्मतिले निर्णय गरियो ।

GHORAHI CEMENT INDUSTRY LIMITED

**प्रस्ताव नं. ७ : कम्पनीको नियमावलीको नियम २७ को (२) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने ।**

**निर्णय नं. ७ :** प्रस्ताव नं ७ उपर छलफल गर्दा यस कम्पनीको सर्वसाधारणमा शेयर जारी भएपछिको पहिलो साधारण सभा भएकोले सर्वसाधारण शेयरधनी समूहबाट १ जना संचालक निर्वाचन गर्नुपर्ने भएकोले सो निर्वाचन गर्नको लागि सञ्चालक समितिको बैठकबाट B & B Legal Chamber Pvt. Ltd. का साझेदार अधिवक्ता श्री विदुर प्रसाद ढुंगाना ज्युलाईलाई निर्वाचन अधिकृत नियुक्त गरिएकोमा निज बाट मिति २०८०।०९।१८ गते निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरि निर्वाचनको कार्यक्रम अगाडि वढाइएकोमा सर्वसाधारण शेयरधनी समूह तर्फबाट श्री मिलन सिग्देल निर्विरोध निर्वाचित भएको भनी निर्वाचन अधिकृतबाट सभा समक्ष जानकारी गराउनु भयो । निज निर्विरोध निर्वाचित संचालक श्री मिलन सिग्देल ज्यूलाई सफल कार्यकालको शुभकामना साथै नियुक्त भएको प्रमाणपत्र प्रदान गरियो ।

**प्रस्ताव नं.८: कम्पनीका प्रवन्ध सञ्चालक, सञ्चालक समितिका अध्यक्ष तथा समिति, उपसमितिका संयोजक तथा सदस्यहरुको बैठक भत्ता तथा अन्य सेवा सुविधा निर्धारण गर्ने ।**

**निर्णय नं.८ :** प्रस्ताव नं ८ उपर छलफल हुँदा हाल सम्म सञ्चालकहरुको भत्ता सम्बन्धमा कुनै व्यवश्था नभएकोमा अब उप्रान्त भत्ता तथा सुविधाको व्यवश्था गर्नुपर्ने भएकोले प्रवन्ध सञ्चालकको लागी वार्षिक रु.२५,००,०००/- (अक्षरेपी रु पच्चिस लाख) (आयकर ऐन, २०५८ अनुसार कर कट्टी) गरी भुक्तानी तथा एक थान सवारी साधन र सो मा लाग्ने इन्धन र चालकको सुविधा प्रदान गर्ने साथै अध्यक्षलाई एक थान सवारी साधन, सो मा लाग्ने इन्धन र चालक सुविधा त्यसै गरी सञ्चालक अध्यक्ष तथा समिति/उपसमिति संयोजलाई प्रति बैठक बैठक भत्ता रु.१७,०००/तथा अन्य सञ्चालक समिति/उपसमिति सदस्यहरुलाई प्रति बैठक रु. १५,०००/ बैठक भत्ता प्रदान गर्ने र सञ्चालक हरुको हकमा इन्धन, गाडी मर्मत, सञ्चार सुविधा वापत एकमुष्ट मासिक रु.१०,०००/प्रदान गर्ने साथै अध्यक्ष तथा सञ्चालकहरु कम्पनीको कामको सिलसिलामा देश/विदेश भ्रमण गर्नु पर्दा भ्रमणमा लागेको होटल तथा यातायातमा लागेको वास्तविक खर्च कम्पनीले व्यहोर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं.९ : कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनीहरु वा सञ्चालक सम्बद्ध रहेको संस्था संग कम्पनीले गरेको कारोवार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।**

**निर्णय नं.९:** . प्रस्ताव नं ९ उपर उपर छलफल हुँदा कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम कम्पनीका सञ्चालक, शेयरधनीहरुको वा निजको नजिकका नातेदार वा आधारभूत शेयरधनीको आधारभूत शेयर स्वामित्व भएका अन्य फर्म, कम्पनी वा अन्य संगठित संस्था संगको तल देहायमा उल्लेखित कारोवार गर्नलाई वार्षिक साधारण सभाले अनुमती प्रदान गर्ने तथा अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो । र आगामी दिनहरुमा समेत आवश्यकता अनुसार कारोवार गर्न सर्वसहमतिले स्विकृती दिने निर्णय भयो ।

GHORAHI CEMENT INDUSTRY LIMITED

## ९.१ सम्बद्ध संस्थासंगको अर्थपुर्ण कारोवार सम्बन्धित विवरण :

| कम्पनी तथा फर्मको नाम | कारोवार रकम (विक्री) | कारोवार रकम (खरिद) | कैफियत |
|---|---|---|---|
| विश्वकर्मा माइन्स एण्ड मिनरल्स प्रा.लि. | ४८,०००।- | २,८६,१६,५१०।- | उद्योग सञ्चालनको निम्ती चुनढुङ्गा खरिद । |
| रोल्पा चुनढुङ्गा खानी प्रा.लि. | - | २,२५,०९,०३९।- | उद्योग सञ्चालनको निम्ती चुनढुङ्गा खरिद । |
| शिवस्वरुप खनिज उद्योग प्रा.लि. | - | ५१,२२,४२४।- | उद्योग सञ्चालनको निम्ती चुनढुङ्गा खरिद । |
| विश्वकर्मा सिमेन्टस प्रा.लि. | ७२,३४,७४३।- | ३२,०५,३७०।- | क्लिङकर तथा मेसिनरी खरिद तथा विक्री |
| सगरमाथा रेडी मिक्स कन्क्रिट प्रा.लि. | ५७,४११,९४७।- | २५,९७,७३६।- | सिमेन्ट विक्री र खरिद |
| सगरमाथा प्रिकाष्ट सोलुसन्स प्रा.लि. | २,४३,३५,७१०।- | ७,६९,७०३।- | सिमेन्ट विक्री र खरिद |
| श्री पशुपती सिमेन्टस प्रा.लि. | १०,७८,३३,०८४।- | ३,२९१,००३।- | क्लिङकर खरिद तथा विक्री |
| कपिलवस्तु सिमेन्टस प्रा.लि. | ६०,०००।- | ६,८००।- | बहाल लिने दिने । |
| मनकामना माइन्स एण्ड मिनरल्स प्रा.लि. | ४८,०००।- | - | बहाल लिने दिने । |
| त्रिवेणी सिनप्याक्स प्रा.लि. | - | १५,७८,४०,७२५।- | सिमेन्ट प्याकेजिङ गर्ने बोरा खरिद । |
| गोपाल राय पुरुषोत्तम लाल ट्रेडिङ प्रा.लि. | - | १,४०,२४,६१७।- | कोइला र अलकत्रा खरिद । |
| एस.डि.पी.एल. ट्रेड प्रा.लि. | १,५४,२४९।- | १७,४२,८१८।- | मार्वल, टायल अन्य उद्योगलाई आवश्यक पर्ने अन्य पाटपुर्जा । |
| त्रिवेणी व्यपार कम्पनी प्रा.लि. | - | ५,७५,१९८।- | विद्युतीय उपकरण तथा अन्य पाटपुर्जा खरिद । |
| त्रिवेणी स्पिनिङ मिल्स प्रा.लि. | - | ४७,६५,०२०।- | फर्नेश आयल खरिद । |
| त्रिवेणी प्लास्टो पोलिमरस प्रा.लि. | - | १,९९०।- | उद्योगलाई आवश्यक पर्ने अन्य पाटपुर्जा खरिद । |
| त्रिवेणी प्रोपटिज प्रा.लि. | - | ३,९९,९९६।- | भाडा खरिद । |
| भि.जी. ल्युव प्रा.लि. | - | १६,७०,०४०।- | ल्युवरिकेन्टस खरिद । |
| द भिलेज प्रा.लि. | - | १९,०१,२६७।- | प्रशासनिक सेवा खरिद । |
| पुजा कन्स्ट्रक्सन नेपाल प्रा.लि. | - | ६,७४,६२६।- | मेसिनरी तथा उपकरणहरुको पार्टपुर्जा खरिद । |
| कमला रोलिङ मिल्स प्रा.लि. | - | ९,२९,७११।- | फलाम तथा स्टिल खरिद । |
| मैनावती स्टिल इण्डष्ट्रीज प्रा.लि. | - | १२,०३,७९६।- | फलाम तथा स्टिल खरिद । |

GHORAHI CEMENT INDUSTRY LIMITED

९.२ विभिन्न संस्थासंगको अर्थपुर्ण कारोवार सम्बन्धित विवरण :

| कम्पनीको नाम | खरिद गरेको शेयर संख्या | प्रति शेयर रु | लगानी रकम | कैफियत |
|---|---|---|---|---|
| दुरुवा ल्याड डेभलपर्श प्रा.लि. | ९१,००० | १००।- | ९१,००,००० | शेयर खरिद गरेको |
| नेर्पा रियल स्टेट प्रा.लि. | १,४८,५०० | १००।- | १,४८,५०,००० | शेयर खरिद गरेको |
| तापा फार्मिङ प्रा.लि. | ९८,००० | १००।- | ९८,००,००० | शेयर खरिद गरेको |
| तापा ल्यण्ड डेपलपमेन्ट प्रा.लि. | ९५,००० | १००।- | ९५,००,००० | शेयर खरिद गरेको |
| तापा माइन्स कम्पनी प्रा.लि. | १,००,००० | १००।- | १,००,००,००० | शेयर खरिद गरेको |
| तापा माइन्स डम्पिङ यार्ड प्रा.लि. | ९१,००० | १००।- | ९१,००,००० | शेयर खरिद गरेको |
| तापा माइन्स एक्सपान्सन प्रा.लि. | ९१,१२० | १००।- | ९१,१२,००० | शेयर खरिद गरेको |
| विश्वकर्मा माइन्स एण्ड मिनरल्स प्रा.लि | १,००,००० | १००।- | १,००,००,००० | शेयर खरिद गरेको |
| मालारानी माइन्स एण्ड मिनरल्स प्रा.लि. | २९,००० | १००।- | २९,००,००० | शेयर खरिद गरेको |
| घोराही सिमेन्ट डेभलपिङ कम्पनी प्रा.लि. | १,८७,००० | १००।- | १,८७,००,००० | उद्योग स्थलको वरीपरी जग्गा आवश्यक भएकाले । |
| स्वगद्धारी माइन्स एण्ड मिनरल्स प्रा.लि. | १३,२०० | १००।- | १३,२०,००० | शेयर खरिद गरको |
| अभ्नी रियल स्टेट डेभलपर्स प्रा.लि. | १,००,००० | १००।- | १०,००,००० | शेयर खरिद गरको |

९. **विशेष प्रस्ताव :**

**प्रस्ताव नं.१ : कम्पनीको हाल कायम रहेको चुक्ता पुंजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढीको विभिन्न बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम अनुमोदन गर्ने ।**

निर्णय नं: १ : प्रस्ताव नं १ उपर छलफल हुदा कम्पनीले विभिन्न बैंकहरु बाट कम्पनीको हाल कायम रहेको चुक्ता पूजीँ रु ३,९७,१९,००,६०० भन्दा बढी ऋण लिएकोमा उक्त ऋण रकम अनुमोदन गर्ने र सो भन्दा थप ऋण लिनु परेमा थप ऋण लिन पाउने अख्तियारी सञ्चालक समितिलाई प्रदान गरी ऋण रकम अनुमोदन गर्ने सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं.२ : कम्पनीको रजिष्टर्ड ठेगाना परिवर्तन गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।**

निर्णय नं: २ : प्रस्ताव नं २ उपर छलफल हुँदा कम्पनीको हाल कायम रहेको रजिष्टर्ड कार्यालय रहने स्थानबाट कम्पनीको कार्यालय सञ्चालन स्थान भिन्न भएको हुँदा कम्पनीको रजिष्टर्ड कार्यालय रहने स्थान काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालीका वडा नं. ३१ त्रिवेणी कम्पेल्क्स पुतलीसडकबाट स्थानान्तरण गरी कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालीका वडा नं. ११ ट्रेड टावरको छैठौ तला, थापाथलीमा स्थानान्तरण गर्नुपर्ने भएकोले गर्दा कम्पनीको स्विकृत प्रवन्धपत्रको दफा २ तथा स्विकृत नियमावलीको नियम २ मा फरक पर्नजाने हुदा उक्त व्यबस्थालाई तपशिल बमोजिमको तिन महले विवरण बमोजिम हुने गरी संशोधन गराउने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

GHORAHI CEMENT INDUSTRY LIMITED

तपसिल :

| साविकको व्यवस्था | संशोधन भई कायम हुने व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **प्रवन्धपत्रतर्फको व्यवस्था :-**<br>दफा २ कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :- यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालीका वडा नं. ३१ त्रिवेणी कम्पेलक्स पुतलीसडकमा रहनेछ । कार्यालयको स्विकृति लिई कम्पनीले आवश्यक्ता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सक्नेछ ।<br>**नियमावली तर्फको व्यवस्था :-**<br>नियम २ कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :- यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालीका वडा नं. ३१ त्रिवेणी कम्पेलक्स पुतलीसडकमा रहनेछ । कार्यालयको स्विकृति लिई कम्पनीले आवश्यक्ता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सक्नेछ । | **प्रवन्धपत्रतर्फको व्यवस्था :-**<br>दफा २ कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :- यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालीका वडा नं. ११ ट्रेड टावरको छैठौ तला, थापाथलीमा रहनेछ । कार्यालयको स्विकृति लिई कम्पनीले आवश्यक्ता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सक्नेछ ।<br>**नियमावली तर्फको व्यवस्था :-**<br>नियम २ कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :- यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालीका वडा नं. ११ ट्रेड टावरको छैठौ तला, थापाथलीमा रहनेछ । कार्यालयको स्विकृति लिई कम्पनीले आवश्यक्ता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सक्नेछ । | रजिष्टर्ड कार्यालय रहने स्थान र कम्पनीको कार्यालय सञ्चालन स्थान भिन्न भएकाले रजिष्टर्ड कार्यालय रहने स्थान स्थानान्तरण गर्नुपर्ने भएकोले । |

**प्रस्ताव नं. ३ : २०७९/०८० सम्मको संचित नाफाबाट १५ प्रतिशतको बोनस शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने । र उक्त बोनस शेयर जारी गर्दा हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने बारे ।**

**निर्णय नं: ३ :** प्रस्ताव नं ३ उपर छलफल हुदा यस कम्पनीले २०७९/०८० असार मसान्त सम्मको संचित मुनाफाबाट शेयरधनीलाई १५ प्रतिशतको बोनस शेयर वितरण तथा स्वीकृती प्रदान गरेपश्चात उक्त बोनस शेयर जारी गर्दा हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं.४ : प्रस्तावित बोनस शेयर जारी भए पश्चात कम्पनीको जारी तथा चुक्ता पुंजी वृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफाहरु संशोधन गर्ने बारे ।**

**निर्णय नं: ४ :** प्रस्ताव नं ४ उपर छलफल हुदा यस कम्पनीले २०७९/०८० असार मसान्त सम्मको संचित मुनाफाबाट शेयरधनीलाई १५ प्रतिशतको बोनस शेयर वितरण गर्ने प्रयोजनका लागि कम्पनीको जारी पुंजी वृद्धि गर्नुपर्ने विषय सम्बन्धीत दफा संशोधन गर्न प्रस्ताव गरिएको कुरा सभामा जनकारी गराइयो । अत: कम्पनीको प्रबन्ध पत्र संशोधन गर्न विशेष प्रस्ताव पेश गरिएकोमा कम्पनीको प्रबन्ध पत्र तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

GHORAHI CEMENT INDUSTRY LIMITED

## तपशिल

**कम्पनीको जारी पुँजी वृद्धि गरी कम्पनीको प्रबन्धपत्रको दफा ६ (ख), (ग) र (घ) मा निम्न बमोजिम संशोधन गर्ने :**

ख. कम्पनीको जारी पुँजी रु ४,५६,७६,८५,७००।-(अक्षरेपी चार अर्व छपन्न करोड छयत्तर लाख पचासी हजार सात सय हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) दरको ४,५६,७६,८५७ ( चार करोड छपन्न लाख छयत्तर हजार आठ सय सन्ताउन्न) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।

ग. कम्पनीका संस्थापकले चुक्ता गरेको पुँजी रु ३,६५,४१,४८,६००।-(अक्षरेपी तिन अर्व पैसठ्ठी करोड एकचालिस लाख अठ्चालिस हजार छ सय) हुनेछ र सो रकमलाई प्रतिशेयर रु १०० ( एक सय) दरको ३,६५,४१,४८६।- (तिन करोड पैसठ्ठी लाख एकचालिस हजार चार सय छयासी) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।

घ. कम्पनीको जारी पुँजीको २० प्रतिशत रु ९१,३५,३७,१००(अक्षरेपी एकानव्वे करोड पैतिस लाख सैत्तिस हजार एक सय रुपैया) हुनेछ । सो रकमलाई प्रतिशेयर रु १०० (एक सय) ९१,३५,३७१ - एकानव्वे लाख पैतिस हजार तिन सय एकत्तर) थान सर्वसाधारण शेयरमा विभाजन हुनेछ ।

**प्रस्ताव नं ५ : विविध ।**

**विशेष प्रस्ताव:**

**निर्णय नं ५ :** विविध उपर छलफल गर्दा कम्पनीको नियमावलीको नियम २७ उपनियम ३ (१) को (क) मा संस्थापक समुहका शेयरधनीबाट निर्वाचित ५ जना, (ख) मा सर्वसाधारण समुहका शेयरधनीबाट निर्वाचित १ जना, (ग) स्वतन्त्र सञ्चालक गरी जम्मा ७ जना सञ्चालक रहने व्यवस्था छ । कम्पनीको सञ्चालकको सख्या घटाई ५ जना राख्दा कम्पनीको कामकार्वाही छिटो, छरितो र प्रभावकारी हुने भएकोले कम्पनी ऐनको दफा ६७ को उपदफा ३ (क) को कानुनी व्यवस्ता अनुसार शेयरधनीको जम्मा ६७ प्रतिशत शेयरधनीहरुले पैहिले सुचित नगरिएको विषयमा समेत निर्णय लिने पक्षमा मतदान गरेमा सभा सुचित नगरिएको विषयमा पनि निर्णय लिन सकिने व्यवस्था भएको र उपस्थित शेयरधनीहरुको शत प्रतिशत शेयरधनीहरुले विशेष प्रस्ताव उपर छलफल गर्ने अनुमति दिएकोले यस विशेष प्रस्तावका सम्बन्धमा छलफल गरि निर्णय लिनका लागि अध्यक्षको अनुमतिले कम्पनी सचिवले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा यस सम्बन्धमा छलफल गर्दा कम्पनीको नियमावलीको नियम २७ उपनियम ३ (१) को (क) मा संस्थापक समुहका शेयरधनीबाट निर्वाचित ३ जना, (ख) मा सर्वसाधारण समुहका शेयरधनीबाट निर्वाचित १ जना, (ग) स्वतन्त्र सञ्चालक १ जना गरी जम्मा ५ सञ्चालक रहने गरी देहाय बमोजिम हुने गरी कम्पनीको नियम २७ उपनियम ३ (१) को (क) लाई संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

GHORAHI CEMENT INDUSTRY LIMITED

संशोधित नियमवाली

नियमावलीको नियम २७ उपनियम ३ (१) को (क) मा भएको संशोधन तपशिल बमोजिम हुनेछ ।

३) सञ्चालक समिति गठन, संख्या र कार्यकाल निम्न बमोजिम हुनेछ :-

क. संस्थापक समुहका शेयरधनीबाट निर्वाचित ३ जना ।

| साविकको व्यवस्था | संशोधन भई कायम हुने व्यवसथा | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियमावलीको नियम २७ उपनियम (३) (१ (क))**<br>क. संस्थापक समुहका शेयरधनीबाट निर्वाचित ५ जना ।<br>ख. सर्वसाधारण समुहका शेयरधनीबाट निर्वाचित १ जना ।<br>ग. स्वतन्त्र सञ्चालक १ जना । | **नियमावलीको नियम २७ उपनियम ३ (१ (क))**<br>क. संस्थापक समुहका शेयरधनीबाट निर्वाचित ३ जना ।<br>ख. सर्वसाधारण समुहका शेयरधनीबाट निर्वाचित १ जना ।<br>ग. स्वतन्त्र सञ्चालक १ जना । | कम्पनीको सञ्चालक संख्या घटाई ५ जना राख्दा कम्पनीको काम कारवाही छिटो छरितो र प्रभावकारी हुने भएकाले । |

**१०. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

यस कम्पनीको प्रस्तुत साधारण सभामा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सूचना प्रकाशित गरि सभा बस्ने मिति, समय, स्थान र सभामा छलफल गरिने प्रस्तावहरु उल्लेख गरिए बमोजिम र कम्पनीका शेयरधनी महानुभावहरुलाई पत्राचार एवं सूचना प्रवाह गरे बमोजिम सभास्थलमा तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका संचालकहरु तथा विभिन्न निकायका प्रतिनिधिहरु उपस्थित भई साधारण सभामा छलफल गर्ने विषय सुची अनुसार छलफल गरी प्रस्ताव पारित भएकोले सभाका अध्यक्ष ज्युबाट सभामा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरुले सकारात्मक तथा सक्रिय रुपमा छलफलमा सहभागी हुनका साथै रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नु भएकोमा धन्यवाद व्यक्त गर्नु भयो । साथै यस साधारण सभा व्यवस्थित रुपमा सफलता पुर्वक संचालन गरी सम्पन्न गर्न भुमिका खेल्नुहुने कम्पनीका संचालकहरु, कम्पनीका परियोजना प्रमुख, कम्पनी सचिव, सम्पूर्ण कर्मचारी, शेयर रजिष्ट्रार, निर्वाचन अधिकृत, नेपाल प्रहरी तथा अन्य सहयोगी व्यक्ती तथा संस्थाहरु सवैलाई धन्यवाद दिदै कम्पनीको पब्लिक लिमिटेड कम्पनीमा परिणत भैसकेपछिको तेस्रो वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नु भयो र छलफलका लागि अन्य विषय नभएकाले वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरी प्रतिलिपि बुझाउने अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

GHORAHI CEMENT INDUSTRY LIMITED

पुरुषोत्तम लाल संघई
अध्यक्ष

देवराज बानियाँ
कम्पनी सचिव